# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

ण्ड४१) काठमाडौं, भदौ २८ गते २०४८ साल (अतिरिक्ताङ्क ३५ (ग)

## भाग ३

### श्री ५ को सरकार

## वन तथा वातावरण मन्त्रालयको सूचना

श्री ५ को सरकारले इलाम जिल्लाको चुलाचुली क्षेत्रको अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न देहायबमोजिमको आयोग गठन गरेको छ ।

क) आयोगको गठन विधिः

| | | |
|---|---|---|
| १) श्री मक्षेन्द्रबहादुर केरुङ | – पाँचथर | – अध्यक्ष |
| २) श्री नेवज गुरुङ | – इलाम | – सदस्य |
| ३) श्री माधव बाँसकोटा | – पाँचथर | – सदस्य |
| ४) श्री क्षेत्रीय वन निर्देशक वा उप-निर्देशक | | – सदस्य |
| ५) अध्यक्ष तथा महाप्रबन्धक, ग्रामीण आवास तथा वस्ती विकास कं. | | – सदस्य |
| ६) प्र.जि.अ. वा निजले तोकेको अधिकृत | | – सदस्य |
| ७) जिल्ला प्रहरी कार्यालयका प्रमुख | | – सदस्य |
| ८) इलाम जिल्ला वन कार्यालयका सहायक वन अधिकृत | | – सदस्य-सचिव |

ख) आयोगले आफ्नो कामको सन्दर्भमा आवश्यकतानुसार सम्बन्धित जिल्लाका वन, भूमिसुधार, नापी, सरकारी वकील कार्यालयका प्रमुखहरू लगायत अन्य व्यक्ति वा पदाधिकारीहरूलाई पनि आयोगको बैठकमा आमन्त्रण गर्न सक्नेछ र आयोगले गरेका निर्णयहरू प्राथमिकताका साथ कार्यान्वयन गर्नु सम्बन्धित सबै कार्यालयको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ग) आयोगको काम कर्तव्य:

(१) चुलाचुली क्षेत्रको बसोबास बुकुवा खोला पूर्व, कमल पश्चिम, चुरे दक्षिण र रतुवामाई वृक्षारोपण क्षेत्रको उत्तरको रतुवा खोला र बुकुवाखोलाको बीचमा रहेका बस्तीहरू हटाई वृक्षारोपणको निम्ति सम्बन्धित जिल्ला वन कार्यालयलाई खाली भएको जग्गा हस्तान्तरण गर्ने ।

(२) यस क्षेत्रको बुकुवा र चाँजी खोला भित्रको पोल्टीमारी गाउँको उत्तर सिमानाको चुलीबाट दक्षिणतर्फ पूर्व पश्चिम समानान्तर हुने गरी ५०० (पाँचसय) मिटर क्षेत्रलाई वन कायम गरी जिल्ला वन कार्यालयको जिम्मा लगाउने र बाँकी बस्तीहरूलाई यथावत कायम राख्ने । तर यो बस्तीमा पहिले कायम भएको लगतबमोजिम सट्टाभर्ना पाउने व्यक्तिलाई मात्र राख्ने ।

(३) लगतमा समावेश भएका सट्टाभर्ना पाउने परिवारमध्ये सट्टाभर्ना लिई दोहोरो भोग गर्नेलाई एक तर्फी मात्र भोग गर्न दिने गरी बसाउने ।

(४) ४ विगाहा भन्दा बढीको जग्गा बापत साबिक मुआब्जाको लगतमा परेका परिवारहरूमध्ये मुआब्जा बापतको रकम प्राप्त गरी नसकेको भए त्यस्तालाई चुलाचुलीमा निजहरूको हकभोग मै रहेको (पहिले यकीन भएको क्षेत्रफल मात्र) जग्गा चलन गर्न दिई मुआब्जा नदिने ।

(५) परिचयपत्र पाएका तर सट्टाभर्ना जग्गा नपाएका र परिचयपत्र तथा सट्टाभर्ना जग्गासमेत पाएका तर सट्टाभर्ना पाएको जग्गामा भोगी चलन गर्न नपाएकाहरूलाई चुलाचुली क्षेत्रमा उनीहरूकै भोग चलनमा रहेको जग्गा उपलब्ध गराउने ।

(६) जग्गा सट्टाभर्ना पाइसकेका जग्गा धनीको मोही भाग बापतको जग्गा मोहीलाई नै उपलब्ध गराउने, यसरी मोही भाग पाउनेले भूमिसुधार कार्यालयबाट आफ्नो मोहीयानी हक प्रमाणित गरिएको हुनु पर्नेछ ।

(७) दफा १ देखि ६ सम्मको व्यवस्था गर्दा पनि बसोबास व्यवस्थित हुन नसकेकोमा साविकमा झापा जिल्लाको जलथल र सहरे डाँडी तथा मोरङको कैचनामा सट्टाभर्नाको लागि छुट्याइएको तर अतिक्रमण भएको जग्गाबाट अतिक्रमणकारीहरूलाई हटाई खाली हुन आएको जग्गाबाट मिलाउने ।

(८) नयाँ सुकुम्बासी समस्याको हकमा आवास तथा भौतिक योजना मन्त्रालयले योजनावद्ध रूपमा समस्या समाधान गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) बसोबास व्यवस्थित गराइने ठाउँमा शान्ति सुरक्षा र अमनचयन कायम राख्नको लागि आवश्यक मात्रामा अस्थायी प्रहरी चेकपोष्ट खडा गर्ने ।

१०) यसै निर्णयको दफा १,२,३ र ४ मा उल्लेख भएबमोजिम वनक्षेत्रबाट अतिक्रमणकारीहरूलाई हटाउने, तार बार लगाउने, वनको सुरक्षा गर्ने, काममा खटिएका वन कार्यालयका कर्मचारीहरूलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग पुऱ्याउनु आयोगको कर्तव्य हुनेछ र आयोगको निर्देशन, सल्लाह र सहयोग मान्नु वन कार्यालयको पनि कर्तव्य हुनेछ ।

ख) आयोगको अधिकारः

क) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी आयोगलाई देहायबमोजिमको अधिकार प्रदान गरिएको छ ।

१) जग्गा नाप जाँच ऐन, २०१९ को दफा ३ को प्रयोजनको लागि जग्गा नापजाँच नियमावली, २०३२ को नियम ३,७,८ र १२ बमोजिमको अधिकारीको अधिकारहरू ।

२) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४) दफा २९ र ३० बाहेक अन्य दफा अन्तर्गत मालपोत कार्यालय र सो कार्यालय प्रमुखलाई भएको अधिकार र कर्तव्यहरू ।

३) मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र मालपोत नियमावली, २०३६ को नियम १६ को उपनियम (१) बमोजिम तोकिएको समितिको अधिकार ।

४) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६.६(ख) अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार तथा कर्तव्यहरू ।

५) निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी आयोगमा खटी जाने निजामती कर्मचारीहरूको हकमा अध्यक्षलाई सो नियमावलीको अनुसूची १ (क) मा समावेश गर्ने गरी तोकिएको छ ।

ख) घरसारको सुकीबिकी र बेजिल्लाबाट भएको सुकीबिकीलाई समेत अवस्था, कारण र भोग चलनको आधारमा आयोगले मान्यता दिन सक्नेछ । यस्तो मान्यता कायम गर्दा साहु असामी दुबैले सनाखत गराउनु पर्नेछ ।

ग) आयोगका निर्णयहरू आयोगकै सदस्य-सचिवबाट प्रमाणित गरिनेछ ।

घ) आयोगले जग्गा नापजाँच गर्नुपर्दा स्थानीय मेन्टीनेन्स शाखामा रहेको मूल नक्सालाई आधार मानी नाप नक्सा गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ङ) आयोगको काम र निर्णय कार्यान्वयन गर्ने :

आयोगको सचिवालय सम्बन्धी काम र निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित जिल्ला वन कार्यालयको हुनेछ।

च) श्री ५ को सरकारसँग सम्पर्क:

आयोगले श्री ५ को सरकारसँग सम्पर्क राख्दा वन तथा वातावरण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

छ) आयोगको कार्य अवधि काम गरेको मितिबाट ६ महिना हुनेछ।

आज्ञाले,
ववनप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।